AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# अष्ट्रेलियन परिवारहरू

अष्ट्रेलियामा विभिन्न प्रकारका परिवारहरू छन् र तिनीहरू तपाईँ अभ्यस्त हुनुभएको परिवारभन्दा निकै बेग्लै खालका हुन सक्छन्।

**अष्ट्रेलियन परिवारहरूमा धैरै संयोजनहरू छन्।** यसमा परम्परागत स्वरूपमा बाबु, आमा र केटाकेटी तर कतिपय परिवारहरूमा सौतिने अभिभावकहरू र सौतेला केटाकेटीहरू, केटाकेटी हुर्काइदिने धाईहरु र केटाकेटीहरू, एक अर्काको हेरविचार गर्ने दाजुभाइहरू, एकै लिङ्गका अभिभावक र नातिनातिनी हुर्काइबसेका हजुरबा र हजुर आमा यसमा समावेश हुन्छन्। एकमात्र अभिभावक भएको परिवारको संख्या पनि उल्लेखनिय रूपमा बढ्दै गएको छ।

**अष्ट्रेलियन परिवारहरू कुनैपनि आकारका हुनसक्छन्।** कतिपय परिवारहरूको दुई वा त्योभन्दा कम केटाकेटी हुन्छन् भने कुनै कुनै परिवारको तीन वा चारजना सम्म बालबच्चा हुन्छन्। कतिपय महिलाहरूले उनीहरूको उमेर ३० को दशकमा रहेको बेला पहिलो बच्चा पाउने गर्छन् भने केही जोडीहरूले बच्चा नै नपाउने विकल्प रोज्छन्।

**सबै अष्ट्रेलियनहरू ठूलो वा संयुक्त परिवारमा बस्दैनन्।** उमेर पुगेका अभिभावहरू अक्सर एक्लै विशेष खालका घरहरूमा बस्छन् जहाँ बृद्ध मानिसहरूको हेरचाह हुने गर्छ जसलाई (अक्सर 'रिटायरमेण्ट होम्स भनिन्छ।')।

**विवाह नगरीकनै पुरूष र महिला सँगै बस्न पाउँछन्** यसलाई कमन-ल वा ‘डिफ्याक्टो’ सम्बन्ध भनिन्छ र यसलाई सामाजिक र कानूनी दुवै मान्यता प्राप्त छ।

**अष्ट्रेलियनहरू अलग अलग जातिय धार्मिक वा वर्ण समूहहरूका मानिस विवाह गर्न स्वतन्त्र छन्।** तपाई विवाह गर्नका लागि १८ वर्ष उमेर पुगेको हुनु आवश्यक छ। तर न्यायालयले अपवादका केसहरूमा दुईमध्ये एकजनाको उमेर १६ वा १७ छ भने विवाहका लागि अनुमति दिनसक्छ।

**अष्ट्रेलियामा अभिभावकको अग्रसरतामा तय गरिएको विवाह स्वीकार्य छ तर जवरजस्ती गरिएको विवाह गैरकानूनी हुन्छ।** जहाँसम्म दुवैजना एक आपसमा विवाह गर्न इच्छुक छन् र तिनिहरू १८ वर्ष उमेरभन्दामाथिका छन् भने उनिहरूबीच विवाह हुनसक्छ। कसैलाई पनि जवरजस्ती विवाह गराउन पाइन्न।

**एकै समयमा एकभन्दा बढी पति वा श्रीमती राख्नु कानून विपरित हुन्छ।**

**सम्बन्धविच्छेद समुदायमा सामान्य तथा स्वीकार्य छ।** मानिसहरूले सम्बन्धविच्छेद पछि पुन: विवाह गर्नु सामान्य कुरा हो।

**अधिकांश अष्ट्रेलियन महिला घरबाहिर काम गर्छन्।** कतिपय मानिसहरूले घरमा काम सघाउन सकृय भूमिका निर्वाह गर्छन्। उदाहरणको लागि ग्रोसरी किनेर, खाना पकाएर, सरसफाइ गरेर र केटाकेटीको हेरबिचार गरेर। कुनै कुनै अवस्थामा महिला काममा जाने र पुरूष केटाकेटी तथा घरको हेरविचारको लागि घरमा बस्न पनि सक्छन्।

**केहि रकम कमाउन र नयाँ क्षमता सिक्न किशोरकिशोरीहरूको प्रायः पार्टटाइम काम हुन्छ।** यसले उनिहरूलाई महत्वपूर्ण अनुभव सिक्ने र पैसा कमाउने अवसर प्रदान गर्छ भनेयदि आवश्यक परे आफ्नो घरपरिवारको बिल भुक्तानी गर्न सघाउन पैसा कमाउने अवसर दिन्छ।



यो पृष्ठ जानीबुझी खाली राखिएको हो

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको ।

IOM • OIM